# जेष्ठ नागरिक सञ्जाल गठन कार्यविधि, २०७६

**प्रस्तावना :** नेपालको संविधान, २०७२ को मौलिक हकमा उल्लेख भएको जेष्ठ नागरिकको अधिकार तथा नागरिकहरूको संगठन, स्वतन्त्रता र शान्तिपूर्ण भेला हुन पाउने अधिकारको व्यवहारिक कार्यान्वयनमा सहयोग पुऱ्याउन, जेष्ठ नागरिक सञ्जाल गठन तथा सहजीकरण प्रक्रियालाई व्यवस्थित र प्रभावकारी ढंगले लागू गर्न गराउन, स्थानीय तहलाई सहयोग पुगोस भन्ने उद्देश्यले यस गाउँपालिका भित्र जेष्ठ नागरिक संजाल गठन र व्यवस्थापन मार्फत सार्थक जेष्ठ नागरिकको सहभागीता सुनिश्चित गर्नका लागि माछापुच्छ्रे गाउँपालिकाले यो जेष्ठ नागरिक संजाल गठन कार्यविधि २०७६ जारी गरेको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ**

१) यस कार्यविधिको नाम जेष्ठ नागरिक संजाल गठन कार्यविधि २०७६ रहेको छ ।

२) यो कार्यविधि गाउँ कार्यपालिकाबाट अनुमोदन भए पश्चात तुरुन्त लागू हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकाको प्रयोजनका लागि निम्न परिभाषा कायम गरिएको छ ।

१) "स्थानीय तह" भन्नाले गाउँपालिका तथा वडा कार्यालयहरुलाई जनाउनेछ ।

२) "सेवा प्रदायक कार्यालय" भन्नाले नेपाल सरकार अन्तर्गत स्थानीय तहमा सेवा प्रवाह गरिरहेका स्वास्थ्य संस्था, विद्यालयहरु, विद्यालय श्रोत केन्द प्रहरी कार्यालय, सामाजिक तथा गैरसरकारी सघंसस्थाहरुलाई जनाउनेछ ।

३) "ज्येष्ठ नागरिक" भन्नाले साठी वर्ष उमेर पूरा गरेको नेपाली नागरिक सम्झनु पर्छ ।

४) "जेष्ठ नागरिक सञ्जाल" भन्नाले यस कार्यविधि बमोजिम गाउँपालिका क्षेत्र भित्र गठन भएका जेष्ठ नागरिक सञ्जाललाई जनाउनेछ यस शब्दले वडा तथा गाउँपालिका स्तरीय जेष्ठ नागरिक संजालहरु समेतलाई बुझाउनेछ ।

५) "सहयोगी संस्था" भन्नाले यस गाउँपालिकाको क्षेत्र भित्र रहेका जेष्ठ नागरिक संजालहरुलाई सहयोग गर्ने, जेष्ठ नागरिक अधिकार संरक्षण तथा प्रर्वद्धनका लागि विभिन्न कार्यक्रमहरु सञ्चालन गरिहेका अनुमती प्राप्त गैरसरकारी संस्थाहरु वा सामाजिक संस्थाहरुलाई जनाउनेछ ।

३. **कार्यविधिको उद्देश्य :** यस निर्देशिकाको मूलभूत उद्देश्य निम्नानुसार रहेको छ :

१) जेष्ठ नागरिकको संगठन स्वतन्त्रताको अधिकारलाई ब्यबस्थित र प्रभावकारी कार्यान्वयन गर्ने ।

२) जेष्ठ नागरिकको गठन, सञ्चालन तथा सहभागितालाई अर्थपूर्ण, नैतिक, सुरक्षित र पारदर्शी तथा समावेशी बनाउने ।

३) जेष्ठ नागरिकमा भएको ज्ञान, सिप, क्षमता र अनुभवलाई उचित ढगंले प्रयोग गरी विकास प्रक्रियालाई टेवा पुऱ्याउने ।

४) जेष्ठ नागरिकलाई एकद्वार प्रणाली मार्फत क्रियाशील गरी जेष्ठ नागरिक सहभागीतको सुनिश्चितताको लागि सहयोग गर्ने ।

५) सबै जेष्ठ नागरिक गठन, क्षमता बिकास र परिचालनमा एक रुपता ल्याउने ।

६) गाउँपालिका तथा वडाहरुको वार्षिक योजनाचक्र (योजना निर्माण, कार्यान्वयन, अनुगमन तथा मूल्याकङ्न र उपलब्धी मापन) मा सार्थक जेष्ठ नागरिकको सहभागीता सुनिश्चित गर्ने ।

४. **कार्यविधिको कार्यान्वयन**

१) गाउँपालिका तथा वडाहरुमा जेष्ठ नागरिक संजाल गठन, व्यवस्थापन र सहजीकरणका लागि यस निर्देशिका बमोजिम गर्नु गराउनु गाउँपालिकाको दायित्व हुनेछ ।

२) जेष्ठ नागरिक सहभागिता तथा सहजीकरणका लागि यस निर्देशिकाको प्रचार प्रसार गर्नु र यस बमोजिम कार्यान्वन गर्न गराउन गाउँपालिका तथा वडा कार्यालयहरुलाई सहयोग गर्न क्रियाशील स्थानीय, राष्ट्रिय गैसस, अन्तर्राष्ट्रिय गैसस तथा विकास साझेदारहरुको जिम्मेवारी हुनेछ ।

## परिच्छेद २

## जेष्ठ नागरिक सञ्जाल गठन प्रकृया

### ५. जेष्ठ नागरिक सञ्जालहरुको गठन

१. जेष्ठ नागरिकहरुको साझा समस्या तथा सवालहरु अझै संगठित रुपमा उठाउन, जेष्ठ नागरिकहरुबीच आपसी सहयोग, समन्वय र सहकार्य बढाउन र फरक फरक अनुभवहरुलाई आदानप्रदान गर्न र जेष्ठ नागरिकहरुको सर्वोत्तम हित र विकासका लागि थप अवसरहरुको सृजना तथा खोजी गर्नका लागि जेष्ठ नागरिकहरुको संजाल गठन गरिनेछ ।

२. जेष्ठ नागरिक सञ्जाल वडा र गाउँपालिका स्तरमा गठन गरिनेछ ।

३. जेष्ठ नागरिक सञ्जाल गठन गर्नका लागि (वडा र गाउँ) तहमा जेष्ठ नागरिकहरुको प्रतिनिधिहरुको भेला आयोजना गरिनेछ ।

४. यसरी भेला आयोजना गर्दा भेला र आयोजनाको लागि तोकिएको दिन भन्दा कम्तीमा पनि १० (दश) दिन अगावै सञ्जालले समेट्ने क्षेत्रका सबै जेष्ठ नागरिकहरुलाई सूचना प्रदान गरिनुपर्छ उक्त सूचनामा निम्नलिखित जानकारीहरु स्पष्ट सँग अनिर्वाय उल्लेख गर्नुपर्छ :

- भेलाको लागि तोकिएको मिति, समय ,दिन र स्थान
- उक्त भेलामा छलफल गरिने विषयवस्तु वा एजेण्डा
- उक्त भेलामा सहभागी हुन आउने सहभागी जेष्ठ नागरिकलाई उपलब्ध गराईने र उपलब्ध गराइने सुविधाहरु

क) वडाभेला : वडा अर्न्तगत प्रत्येक टोल, बस्ती र समुदाय स्तरका जेष्ठ नागरिकहरुको भेलाले आफू मध्येवाट एउटा कार्यसमिति गठन गर्नुपर्नेछ जसमा, अध्यक्ष, सचिव , कोषाध्यक्ष १/१ जना सहित जेष्ठ नागरिकको संख्या हेरी आवश्यक सदस्य रहन सक्नेछन् ।

ख) गाउँ स्तरीय जेष्ठ नागरिक भेला : गाउँपालिका अर्न्तगतका वडास्तरीय जेष्ठ नागरिक संजालहरुले आफ्ना सदस्यमध्येवाट छनौट गरी पठाएका जेष्ठ नागरिक प्रतिनिधिहरु ।

५. सञ्जालको नेतृत्व चयन पनि भेलाको सहमतीको आधारमा गर्नुपर्नेछ ।

६. प्रत्येक जेष्ठ नागरिक सञ्जालको नेतृत्वको पुनर्गठन प्रत्येक २ बर्षमा गर्नुपर्नेछ ।

### ६. जेष्ठ नागरिक संजालहरुको आवद्धता तथा सूचीकरण

१. वडामा गठन भएका जेष्ठ नागरिक संजालहरु गठन भएको १ महिनाभित्र गाउपालिकामा सूचीकृत हुनुपर्नेछ ।

२. वडास्तर र गाउँपालिका स्तरमा सूचीकृत भएका सञ्जालको विवरण वडा कार्यालय र गाउँपालिकाको कार्यालयसँग रहनेछ ।

३. कुनैपनि जेष्ठ नागरिक संजाल सुचिकरण हुँदा त्यसको नाम, उद्देश्य, कार्यसमितिको नाम, सम्पर्क स्थान र फोन न. आवद्धता रहेको कार्यालय समेत खुलाईएको हुनुपर्दछ ।

४. सूचीकृत जेष्ठ नागरिक संजालहरु प्रत्येक बर्ष नवीकरणको लागि निवेदन सम्बन्धीत जेष्ठ नागरिक संजालको जेष्ठ नागरिक भेलाको उपस्थिती विद्यमान कार्यसमितिको नामावली फोन न. जेष्ठ नागरिक संजालले अघिल्लो वर्ष सम्पन्न गरेका कार्यक्रमहरुको सुची सहित प्रगती प्रतिवेदनको प्रतिलिपि संलग्न गर्नुपर्दछ ।

५. जेष्ठ नागरिक संजालको नाम राख्ने सम्बन्धमा जेष्ठ नागरिकहरुको भेलामा सहभागीहरुले आपसी सहमति गरेर नाम राख्नेछन। कुनै एक जेष्ठ नागरिक संजालको नाम त्यहि गाउँपालिका भित्र रहेको अर्को जेष्ठ नागरिक संजालको नामसँग मिलेको अवस्थामा अर्को नाम राख्नुपर्नेछ ।

६. जेष्ठ नागरिक संजालहरुको नामसँग कुनै पनि निजि, सामाजिक वा गैरसरकारी संस्थाहरुले आफ्ना नाम जोड्न पाइनेछैन। तर ती जेष्ठ संजालहरुको क्षमता अभिवृद्धि, तिनिहरुले उठाएका मुद्दाहरुको लागि वकालत जस्ता कामहरु गर्नलाई आवश्यक सहयोग तथा सहजीकरण गर्न सक्नेछन्।

७. जेष्ठ नागरिक संजालहरुले आफ्नो क्षेत्रभित्रका सबै जेष्ठ नागरिकहरुको प्रतिनिधित्व गरेको सुनिश्चित गर्नुपर्नेछ ।

८. सूचीकृत तथा नवीकरण भएका जेष्ठ नागरिक संजालहरुको सम्पूर्ण विवरण सम्वन्धित वडा तथा गाउँपालिकाले प्रकाशन गर्ने जेष्ठ नागरिकको स्थिति प्रतिवेदनमा समावेश गरी प्रकाशन गर्नुपर्नेछ ।

## परिच्छेद ३
## विविध

१. जेष्ठ नागरिक सञ्जालका सबै सदस्यहरुलाई पायक पर्ने सुरक्षित स्थानमा मात्र संचालन गर्नुपर्नेछ।

२. जेष्ठ नागरिक संजालको बैठकमा सबै सदस्यहरुको उपस्थिती अनिवार्य हुनुपर्नेछ।

३. जेष्ठ नागरिक संजालको बैठक बस्ने समयावधि बढिमा २ (दुईघण्टा सम्म हुनुपर्नेछ)।

४. जेष्ठ नागरिक संजालको बैठक बसेको बेला  बैठक पुस्तिका(माइन्युट) उतार गर्नुपर्नेछ।

५. जेष्ठ नागरिक संजालको नियमित बैठकमा उनीहरुका आफ्नै कार्ययोजना, कृयाकलाप, समस्या तथा अनुभवहरुका बारेमा छलफल हुनुपर्नेछ।

६. प्रचलित कानून बमोजिम हुने : १. यस कार्यविधिमा उल्लेख भएका विषयको हकमा यसै बमोजिम र अन्य कुराहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

२. यो कार्यविधि स्विकृत हुनुपुर्व वडास्तर र गाउँपालिकास्तरमा गठन भएका ज्येष्ठ नागरिक सञ्जाललाई यसै कार्यविधि अनुसार गठन भएको मानिनेछ।

७. संशोधन : यस गाउँपालिकाले यस कार्यविधिमा आवश्यकता अनुसार थप घट वा संशोधन गर्न सक्नेछ।